जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १० अंक २१, २०७८ साल पुस ९ गते शुक्रबार, नेपाल संवत् ११४२ (Dec. 24, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

सोभराजबारे सरकारलाई सर्वोच्चको प्रश्न

काठमाडौं । सर्वोच्च अदालतले ज्यान मुद्दामा बन्दी जीवन बिताइरहेका फ्रेन्च नागरिक चार्ल्स सोभराजलाई थुनामुक्त किन नगर्ने भन्दै सरकारलाई प्रश्न सोधेको छ ।

न्यायाधीश अनिलकुमार सिन्हाको एकल इजलासले बिहीबार सोभराजको बन्दी प्रत्यक्षीकरण निवेदनमा सुनुवाइ गर्दै थुनामुक्त गर्नु नपर्ने कुनै कारण भए महान्यायाधिवक्ताको कार्यालयमार्फत् तीन दिनभित्र जवाफ पेस गर्न **बाँकी ८ पेजमा**

स्थानीय निर्वाचनको तयारीमा आयोग

काठमाडौं । निर्वाचन आयोगले स्थानीय तहको निर्वाचन आगामी २० वैशाख २०७९ मा गर्ने तयारी गरेको छ । स्थानीय तहतर्फका जनप्रतिनिधिहरूको पाँचवर्षे कार्यकाल ५ जेठमा सकिंदै छ । कार्यकाल सकिनुअघि नै स्थानीय तहलाई नेतृत्व दिनेगरी आयोगले निर्वाचन गर्न तयारी थालेको हो । प्रमुख आयुक्त दिनेश थपलियाले स्थानीय तहका जनप्रतिनिधिको कार्यकाल सकिन लागेकाले २० वैशाखमा स्थानीय तहको निर्वाचन गर्ने गरी आयोगले **बाँकी ८ पेजमा**

एमसीसी विरोधमा उर्लियो जनसागर

एमसीसी प्रकरण

काठमाडौं । अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सम्झौता खारेजको माग गर्दै नेकपा माले, नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपा, वैज्ञानिक समाजवादी पार्टी नेपाल लगायतका आठवटा राजनीतिक दलहरूसहितको मोर्चाले ६ पुस मंगलबार राजधानी काठमाडौंमा विशाल संयुक्त विरोध प्रदर्शन गरेका छन् । यसअघि मंसिर २८ गते प्रतिनिधिसभाको दशौं अधिवेशन बसेको दिन संघीय संसद घेराउको कार्यक्रम गरेको मोर्चाले मंगलबार माइतीघर मण्डलादेखि नयाँ बानेश्वरसम्म एमसीसीविरुद्ध नाराबाजी गर्दै प्रदर्शन गरेको हो ।

प्रदर्शनपछि आयोजित कोणसभामा नेकपा मालेका महासचिव एवं पूर्वउपप्रधानमन्त्री सीपी मैनालीले एमसीसी अमेरिकी सैन्य गठबन्धन इन्डोप्यासिफिक स्ट्राटेजीकै अंग भएकोले यो अनुदान हुन नसक्ने बताए । नेपालले नचाहँदा नचाहँदै पनि जबर्जस्ती हिन्त प्रशान्त रणनीतिको हिस्सा बनाउने जुन कसरत भइरहेको छ, त्यसलाई कुनै पनि हालतमा सफल हुन दिनु हुँदैन भन्दै माले महासचिव मैनालीले कुनै पनि

अनुदान संसदबाट पारित गर्नु नपर्ने एमसीसी प्रचार गरिएअनुसार अहिले नआएको प्रस्टचाए । ५० करोड डलरमा नेपालको स्वाधीनता बिक्री गर्न नदिने भन्दै उनले अमेरिकाले नेपाललाई सैन्य रणनीतिभित्र पारेर चीनसँग लड्नका लागि नेपाललाई अखडाका रुपमा प्रयोग गर्न चाहेको बताए । राष्ट्रघात गर्दै एमसीसीलाई संसदबाट पारित गराए पारित गराउने नेता र सांसदहरूलाई नेपाली जनताले नछोड्ने चेतावनी समेत दिए ।

नेकपा क्रान्तिकारी नेता सीपी गजुरेलले एमसीसी नेपालका लागि धोका भएको उल्लेख गरे । विकास र निर्माणका नाममा आउने रकमको नाममा अमेरिकाले सुरक्षा रणनीति भित्र्याउन चाहेको छ । यो नेपालका लागि एउटा धोका हो । एमसीसी सम्झौता खारेज नभएसम्म आन्दोलन जारी रहनेछ, उनले भने । नेता गजुरेलले एमसीसी पास भए नेपाल रणभूमिमा परिणत हुने भन्दै अमेरिकाको पैसा खाएर आश्वासनमा बिकेकाले सम्झौता पास गर्न खोजेको आरोप समेत लगाए ।

विप्लव नेतृत्वको नेकपाका सचिवालय सदस्य धर्मेन्द्र बाँस्तोला (कञ्चन) ले नेपालमा एमसीसी कुनै पनि हालतमा लागू गर्न नहुने भने । उनले अगाडि बताए- 'यो योजनाअन्तर्गत आउन लागेको रकम अनुदान होइन । जु इन्डोप्यासिफिक रणनीतिको बजेटबाट खर्च हुन्छ । सैन्य रणनीतिको बजेटले बन्न लागेको परियोजना विशुद्ध सहयोग हो भन्न सकिंदैन । त्यसैले समयमै यसलाई फिर्ता पठायो भने नेपालको हितमा हुन्छ ।'

वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालका संयोजक विश्वभक्त दुलाल आहुतीले संसदवादी दलमा पनि देशभक्त नेताहरू भएकाले एमसीसी सहजै पास हुन नसेकेको बताए । केही पार्टीहरू फुटबाट आएकाले आगामी निर्वाचनलाई मध्यनजर गरेर एमसीसीको पक्षमा पहिले जसरी हौसिन छोडेका छन्, उनको भनाइ थियो ।

मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) अमेरिकी सरकारी संस्था हो । यो सन् २००४ मा स्थापना भएको हो । यसको सञ्चालक समितिको अध्यक्ष अमेरिकी विदेशमन्त्री रहेका छन् भने सदस्यहरूमा अर्थमन्त्री युएसआईडीका प्रशासक, अमेरिकी व्यापार प्रतिनिधि, एमसीसीका प्रमुख कार्यकारी र निजी क्षेत्रबाट चारजना सदस्य छन् । एमसीसी २७ देशमा छ । १७ वटा देशले सदनबाट पारित गरेका छन् । तर श्रीलंकाले भने एमसीसी अनुदान लिएन । नेपालसहित १० वटा देशमा यो कार्यान्वयनको चरणमा छ ।

अमेरिकी सरकारले एमसीसीमार्फत ५० करोड डलर र नेपाल सरकारले लगानी गर्ने १३ करोड डलरको आयोजना व्यवस्थापन गर्ने काम एमसीसी नेपालले गरिरहेको छ । नेपालले लगानी गर्ने रकममध्ये ५ करोड डलर एमसीसीले जग्गा अधिग्रहण लगायतका काममा खर्च गरिसकेको छ । ६० जना कर्मचारी रहेको यो संस्थाले एमसीसीको प्रावधानमा रही नेपाली कानुनअनुसार काम गर्छ । यसमा अर्थमन्त्रालयका सचिव अध्यक्ष हुने प्रावधान छ । एमसिए नेपालका कार्यकरी निर्देशक खड्गबहादुर बिष्ट छन् । मिलेनियम च्यालेन्ज अकाउन्ट नेपाल (एमसीसी-नेपाल) ले संसदको चालू अधिवेशनबाट एमसीसीसँगको कम्प्याक्ट अनुमोदन गर्न आग्रह गर्दै आएको छ ।

एमसीसीलाई संसदबाट अनुमोदन गराउन अमेरिकाले नेपालमाथि भीषण दबाब दिइरहेको छ । यही प्रयोजनका निम्ति गत भदौमा एमसीसीकी उपाध्यक्ष फातिमा सुमार, कात्तिकमा स्कटल्यान्डको ग्लास्गोमा एमसीसीको उपप्रमुख कार्यकारी अधिकृत एलेक्सिया टार्टोतु र मंसिरमा दक्षिण तथा मध्यएसिया मामिला हेर्ने अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुले नेपाल भ्रमण गरेका थिए । ती अमेरिकी उच्च अधिकारीहरूले नेपालका प्रधानमन्त्री, **बाँकी ८ पेजमा**

खाडी र मलेसियाका जेलमा नेपाली श्रमिक

काठमाडौं । रोजगारीका लागि खाडी र मलेसिया पुग्ने नेपाली श्रमिक अनाहकमै जेल पर्ने गरेका छन् । निर्दोष हुँदाहुँदै पनि कानुनी लडाइँको ज्ञान नहुँदा र राज्यले समेत बेवास्ता गर्दा उनीहरू फस्ने गरेका छन् ।

वैदेशिक रोजगार बोर्डको तथ्यांकअनुसार हाल पाँच सय ४६ नेपाली श्रमिक खाडीका ६ देश र मलेसियाका जेलमा छन् । मलेसिया, संयुक्त अरब इमिरेट्स (युएई), कुवेत, साउदी अरब, कतार, बहराइन र ओमनका जेलमा पाँच सय २६ पुरुष र २० महिला रहेको तथ्यांक छ। मलेसियामा दुई सय ६, कुवेतमा ५८, युएईमा एक सय ८५, साउदी अरबमा ५४, कतारमा ३५, बहराइनमा पाँच र ओमनमा तीन नेपाली श्रमिक जेलमा छन् ।

खाडी र मलेसियाका जेलमा रहेकामध्ये २५ जनाले मृत्युदण्ड सजाय पाएका छन् । १६ **बाँकी ८ पेजमा**

किबीका बिरुवा भूटान निर्यात

झापा । पूर्वीनाका काँकडभिट्टाबाट किबीको बिरुवा भूटान निर्यात हुन थालेको छ । इलाममा उत्पादित किबीको बिरुवा भूटान निर्यात गरिएको हो ।

भूटानले किबीखेतीमा किसानलाई प्रोत्साहन गरेपछि यसको बिरुवाको माग भएको झापास्थित प्लान्ट क्वारेन्टिन कार्यालयका प्रमुख देविन्द्र साहुले बताए । रु एक लाख १५ हजार बराबरको एक हजार २०० वटा किबीको बिरुवा भूटान निकासी भएको छ । 'चालु आवमा पहिलोपटक किबीको बिरुवा पूवीनाका हुँदै निर्यात भएको हो', उनले भने । किबी फलको आयात भारतबाट भइरहेका बेला इलामका किसानले उत्पादन गरेको सोही फलको बिरुवा निर्यात हुनु सुखद कुरा **बाँकी ८ पेजमा**

यस कारण तरलता अभाव : राष्ट्र बैंक

काठमाडौं । नेपाल राष्ट्र बैंकले अर्थतन्त्र पुनरुत्थानमा गएका कारण बैकहरूमा बैंकहरूमा लगानीयोग्य पुँजी (तरलता) अभाव भएको जनाएको छ । पत्रकारसँग गरेको अन्तरक्रिया कार्यक्रममा राष्ट्र बैंकले अर्थतन्त्र पुनरुत्थानको लागि कर्जाको माग बढेको र सोअनुसार आयात भएको जानकारी दिएको हो । नेपाल राष्ट्र बैंकका अनुसन्धान विभागका प्रमुख डा प्रकाशकुमार श्रेष्ठले आर्थिक क्रियाकलाप बढे पनि मूल्य वृद्धिदर निर्धारण गरेको लक्ष्यभन्दा कम हुने जानकारी दिएका थिए । कोभिडपछि विदेशमा मूल्य वृद्धिदरमा ठूलो चाप परे पनि नेपालले भोग्न नपरेको उनको भनाइ थियो । पेट्रोलियम पदार्थको मूल्य बढ्दा चुनौती भए पनि पछिल्लो समय घटेका कारण केही राहत भएको उनको भनाई थियो । आयातलाई निरुत्साहन **बाँकी ८ पेजमा**

बढ्यो वैदेशिक लगानी

काठमाडौं । चालू आर्थिक वर्षको बितेका साढे चार महिनामा २९ अर्ब ८५ करोड रूपैयाँको वैदेशिक लगानी भित्रिएको छ । सो लगानी चालू आवको बितेका चार महिना गत १५ मंसिरसम्मको हो । यस अवधिमा भएको कुल विदेशी लगानीमध्ये चीनको हिस्सा सबैभन्दा धेरै देखिएको छ । कुल विदेशी लगानीमध्ये चीनबाट मात्रै ७९ प्रतिशत लगानी भित्रिएको छ ।

उद्योग विभागका अनुसार चालू आर्थिक वर्षको १५ **बाँकी ८ पेजमा**

हवात्तै बढ्यो व्यापार घाटा

काठमाडौं । चालु आर्थिक वर्षको पाँच महिनामै मुलुकको व्यापार घाटा ७ खर्ब ३५ अर्ब पुगेको छ । भन्सार विभागको तथ्यांकअनुसार पाँच महिनाको अवधिमा कुल ८ खर्ब ३८ अर्ब ४० करोड रुपैयाँको वस्तु आयात भएको छ भने १ खर्ब २ अर्ब ९२ करोडको निर्यात भएको छ ।

व्यापार घाटा गत वर्षको यसै अवधिको तुलनामा ५४।७० प्रतिशतले बढी हो । आयात ५९। ५५ प्रतिशतले बढेको छ भने निर्यात **बाँकी ८ पेजमा**

माल्दिभ्समा भारतविरोधी अभियान

काठमाडौं । पाकिस्तानसँग मात्रै होइन अन्य दक्षिण एसियाली मुलुकहरूमध्ये धेरैसँग भारतको सम्बन्ध बेलाबेलामा बिग्रने गरेको छ । भुटान, बंगलादेश, नेपाल र मालदिभ्ससँग पनि भारतको सम्बन्ध बेलाबेला चिसिने गरेको छ । पछिल्लो समय मालदिभ्समा भारतविरोधी आन्दोलनलाई तीव्र पारिएको छ । पूर्वराष्ट्रपति अब्दुल्लाह यामिनले भारतविरोधी अभियानको नेतृत्व गरिरहेका छन् ।

मालदिभ्समा भारतको उपस्थिति अन्त्य हुनुपर्ने उनको माग छ । आन्दोलन यति तीव्र रूपमा अघि बढिरहेको छ कि त्यहाँको सरकारले नै पछिल्ला घटनाक्रमले चिन्तित भएको जनाएको छ । डिसेम्बर १९ मा मालदिभ्सको विदेश मन्त्रालयले विज्ञप्ति जारी गरेर भारतविरुद्ध फैलाइएको घृणा र झूटलाई लिएर चिन्तित भएको जनाएको थियो । विदेश मन्त्रालयले भारत मालदिभ्सको नजिकको साझेदार मुलुक रहेको उल्लेख गर्दै केही नेता सानो समूहले प्रोपोगान्डा

फैलाएको बताएको थियो ।

मालदिभ्समा विपक्षी दलको नेतृत्वमा इन्डिया आउटु अभियानलाई तीव्रता दिइएको हो । मालदिभ्सका सांसद अहम शियामले उत्तर प्रदेशका पूर्वमुख्यमन्त्री अखिलेश यादवको प्रेस कन्फ्रेन्सको भिडियो रिट्विट गर्दै भारतको वर्तमान सरकारबाट आफूहरूको सार्वभौमसत्ता र संविधानमाथि सम्मानको आशा नगरिएको बताएका थिए । उनले लेखेका छन्, आफ्नै नागरिक र कानुनको सम्मान नगर्ने वर्तमान भारतीय सरकारबाट हाम्रो संविधान र आन्तरिक मामिलाको सम्मान हुन्छ भन्ने कहिल्यै आशा गर्न सकिंदैन । भारतमा मुस्लिम समुदायप्रति गरिने कुनै पनि नकारात्मक व्यवहारले मालदिभ्स पनि प्रभावित हुने बताइन्छ । मालदिभ्स सुन्नीबहुल **बाँकी ८ पेजमा**

जनस्वास्थ्यमाथि खाद्यको खेडबाड

काठमाडौं । खाद्य व्यवस्था तथा व्यापार कम्पनीले आमउपभोक्तालाई कुहिएको चामल रिपोलिसिङ गरेर बाँडेको छ । कम्पनीका कर्मचारीको चरम लापरवाहीका कारण कम्पनीको थापाथलिस्थित गोदाममै ४ सय ८७ क्विन्टल बास्मती चामल कुहिएर खेर गएको थियो । खाद्य प्रविधि विभाग, जिल्ला प्रशासन कार्यालय र कम्पनीकै कर्मचारीको रोहबरमा चामल कुहिएको र किरा भेटिएको मुचुल्का समेत तयार भएको थियो ।

अख्तियारले छानबिन क्रममा खाद्य कम्पनीको गोदाममा रहेको चामल खानयोग्य भए नभएकोबारे चेकजाँच गर्न १० वटा नमुना जाँच गरेको थियो । खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका प्रवक्ता मोहन कृष्ण महर्जनले कम्पनीको गोदाममा रहेको ४८७ क्विन्टल बास्मती चामल कुहिएको 'नष्ट गर्नुपर्ने' भन्दै मुचुल्का **बाँकी ८ पेजमा**

प्रमुख अध्येता र दार्शनिक नेता माओ

सन्दर्भ १२८ औं माओ जयन्ती

● विष्णु भट्टराई

चिनियाा समाजवादी आन्दोलनका प्रणेता माओत्सेतुङको १२८ औं जन्मजयन्तीको दिन हो डिसेम्बर २६ । आजभन्दा १२८ वर्षअघि सन् १८९३ डिसेम्बर २६ माओ जन्मिएका थिए । सन् १९२१ मा उनी चिनियाा कम्युनिस्ट पार्टी स्थापना गर्नेमा सामेल भए । कम्युनिस्ट पार्टी क्योमिन्ताङबीच सहकार्य हुन सकेन । माओले हुनान किसान आन्दोलनको नेतृत्व सम्हाले । चीनमा त्यसबेला साम्राज्यवादी हैकम कायम थियो । जनता सामन्तवादको साङ्लोमा बाधिएका थिए । चीनबाट साम्राज्यवादलाई लखेट्नु थियो, अर्कोतिर किसान र साना पुजीपति वर्गलाई सामन्तवादको शोषण र थिचोमिचोबाट मुक्त गराउनु थियो । माओले क्रान्तिको बाटो आफैं तय गरे अनि त्यसलाई नौलो जनवादी क्रान्ति भने । यसको नेतृत्व मजदुरले गर्ने भए पनि किसानको सहभागिताबिना मुक्ति सम्भव नहुने भन्दै यसलाई दीर्घकालीन जनयुद्धको बाटो अपनाए । चिङकाइसान पर्वतलाई आधार इलाका बनाउदै माओले किसान सामेल भएको जनमुक्ति सेना बनाए । जनमुक्ति सेनाकै बलमा उनले जापान विरोधी युद्धमा विजय हासिल गरे भने परम्परागत सामन्ती शासनको सिकञ्जाबाट चिनियाा जनतालाई स्वतन्त्र गराए । सन् १९४९ मा चीनमा कम्युनिस्ट सत्ता स्थापना भयो ।

माओले १९४९ देखि १९७७ सम्म अनवरत रुपमा चिनियाा राजकीय सत्ताको नेतृत्व गरे । चीनमा समाजवादी समाज निर्माण गर्न उनले गरेका कामहरूलाई अहिले पनि चिनियाा जनताले सम्झना गरिरहन्छन् । माओको नेतृत्वकालमा चीनले अभूतपूर्व रुपमा विकासको गतितिर फड्को माऱ्यो । चीनलाई विश्व जगतसागै अघि बढाउनु अर्कोतिर चिनियाा मजदुर र किसानको जीवनमा आधारभूत परिवर्तन ल्याउनु चानचुने कुरा थिएन । साम्राज्यवादीद्वारा थिलथिलो बनाइएको चीनलाई विकासको द्रुतगतिमा दौडाउन ड्राइभरको भूमिका निभाए माओले । चीनले राष्ट्रसंघ सुरक्षा परिषद् को पुनः सदस्यता पायो । आफ्नै तागतमा चीन आणविक बम सम्पन्न भयो । देशव्यापी रुपमा भौतिक उन्नतिका पूर्वधारहरू तयार गरिए । आधारभूत स्वास्थ्य सेवा, शिक्षा सेवा, बालबालिका र महिला विकासको व्यापक विस्तार गरियो । मानव विकास सूचकांकमा चीनले अशोभनीय रुपमा फड्को माऱ्यो । १९७८ मा सुधारका कामहरू सुरु गर्नुअघि नै चीनले विश्वका आफूसरहका अरु देशलाई आधारभूत विषयमा निकै पछाडि पार्न अरु देशलाई आधारभूत विषयमा निकै पछाडि पार्न सफल भएको थियो । विश्वको सबभन्दा ठूलो जनसंख्या भएको र युगौंदेखि सामन्ती शोषणले आक्रान्त बनेको चीनलाई उद्योगधन्दा, कलकारखाना र कृषि लगायतका क्षेत्रमा स्वावलम्बी बनाउनु कम सकसपूर्ण काम थिएन । मजदुर सुरक्षाका निमित माओले लागू गरेको नीतिले उल्लेख्य उपलब्धि हासिल गऱ्यो । **बाँकी ८ पेजमा**

सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्फना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

सावधान !! पुस्तान्तरणले केही नाप्नेवाला छैन

सुरेन्द्र ढकाल

केपी ओलीदेखि भीम रावलसम्म, शेरबहादुर, सुजातादेखि गगन थापासम्म, प्रचण्डदेखि उनका तल्ला स्तरका कार्यकर्तासम्मले काठमाडौंमा महल ठड्याएको प्रस्ट देख्दादेख्दै फेरि जनतालाई उल्लु बनाइ आफ्नो राजनीतिक अभिष्ट पूरा गर्न पुस्तान्तरणको नयाँ नारा भजाउन खोज्ने ? खोई देशले कुनै दिन ब्यापारघाटा कम गर्ने अर्थमन्त्री पायो ? ब्यूरोक्रेसीलाई पेशागत रूपले दक्ष बनाउने कुनै प्रधानमन्त्री पायो ?

यसै महिना सत्तारुढ भएका राजनीतिक दलहरूको महाधिवेशन सम्पन्न हुने क्रम जारी छ। राप्रपाको अध्यक्षमा लिडेनको, कांग्रेसको महामन्त्रीमा गगन र विश्वप्रकाशको निर्वाचनसँगै यस नाराले गति लिएको आभाष भइरहेको छ। एमालेको महाधिवेशन भीम रावलको पराजय र हुन लागिरहेको माओवादीको अधिवेशनमा नयाँ पुस्ताको के हविगत हुने हो हेर्ने बाँकी छ। यस पंक्तिका लेखक २०३६ सालको स्नातकोत्तरको ब्याच हो।

०३७ सालको इतिहास विभागबाट मेरिट ल्याएर उत्तीर्ण गर्ने म ज्यूँदै छु। त्यही विभागबाट त्यही ब्याचमा सामान्य उत्तीर्ण हुने डा. सुरेन्द्र के सी, अन्य विभागबाट त्यही श्रेणीमा उत्तीर्ण हुने डा. भीम रावल, भीम न्यौपाने, लिलामणी पोखरेल, बलराम बाँस्कोटा अनि मेरो ब्याचभन्दा एक वर्ष अगाडिका प्रकाशमान, बलबहादुर केसी अनि मभन्दा धेरै पछिका पम्फा, सावित्रा भूसाल शशि श्रेष्ठ आदिहरू नेपालको राजनीतिमा छाइरहेकै छन्। विभिन्न राजनीतिक दलका कार्यकर्ता भई सडक आन्दोलनमा ढुंगा हान्ने सडकको रेलिङ भाँच्नेहरू त्यही गरेकै भरमा देशको मन्त्री हुन्छन् भने देशको राजनीतिले समृद्धि ल्याउला त ?

२०३८ सालमा मैले लोकसेवा पास गरी २३ वर्षको उमेर पुग्दा नपुग्दै शाखा अधिकृत हुँदा माथि उल्लेख गरिएका मेरा मित्रहरू पंचायत व्यवस्थाको निजामती सेवामा जागिर खान जाने थुक्क भन्थे मलाई। मेरो पनि रुझान त वामपन्थी नै हो। पंचायत ढलेर बहुदल आएपछि सुख र समृद्धि आउँछ भनेर जनतालाई उचाल्ने हामी हौं।

बहुदल पनि भएन अब गणतन्त्र आएपछि मात्रै सुख समृद्धि आउँछ भन्दै माओवादीलाई काँधमा बोक्ने पनि हामी हौं। खोइ त समृद्धि ? बरु त्यसको ठीक उल्टो पंचायतकालमा भन्दा बढी असक्षमता, राष्ट्रघात, भ्रष्टाचार, हत्या र बलात्कार, बेरोजगार अनि व्यापार घाटा चुलिएको छ प्रजातन्त्र र गणतन्त्रमा।

हिजो चप्पल लगाएर काठमाडौं छिरी राजनीति गरेकाहरू अहिले सम्भ्रान्त बनेका छन्। कुन स्रोतले यिनीहरूको कायापलट भयो भनेर सोध्ने हिम्मत कसैले गरेको छ ? बिनाचोरी, डकैती अनि भ्रष्टाचार यो सम्भव छ ? अवस्यै छैन। केपी ओलीदेखि भीम रावलसम्म, शेरबहादुर, सुजातादेखि गगन थापासम्म, प्रचण्डदेखि उनका तल्ला स्तरका कार्यकर्तासम्मले काठमाडौंमा महल ठड्याएको प्रस्ट देख्दादेख्दै फेरि जनतालाई उल्लु बनाइ आफ्नो राजनीतिक अभिष्ट पूरा गर्न पुस्तान्तरणको नयाँ नारा भजाउन खोज्ने ? खोई देशले कुनै दिन ब्यापारघाटा कम गर्ने अर्थमन्त्री पायो ? ब्यूरोक्रेसीलाई पेशागत रुपले दक्ष बनाउने कुनै प्रधानमन्त्री पायो ?

साधारण बजेटभन्दा विकास बजेट बढी हुनुपर्छ, विकास बजेट शतप्रतिशत खर्च हुनुपर्छ, विकाश बजेट खर्च भइ खडा भएका भौतिक संरचनाहरू गुणस्तरीय हुनुपर्छ भनी गरेर देखाउने कुनै सरकार देशले पायो ? देशमै उत्पादन वृद्धि गरेर आयात प्रतिष्थापन, अनि बेस्सरी निर्यात प्रवर्द्धन गरी विश्व ब्यापारको युगमा कुनै पनि देशले समृद्धि हासिल गर्न सक्दो रहेछ भन्ने उदाहरण चीनले प्रस्तुत गरिरहेको दिनदहाडै देख्दादेख्दै पनि हामी आयात प्रतिष्थापन र निर्यात प्रवर्द्धनको अभियानमा लाग्नुको ठीक विपरीत युवायुवतीहरूलाई विदेशमा सिपाही, वेश्यावृत्ति, फोहोरी, खतरनाक र कठिन काम गर्न पठाइ उनीहरूले कमाइ पठाएको हुण्डीबाट प्राप्त विदेशी मुद्राले आयात गरी उठेको भन्सार राजस्वबाट देश चलाइरहेका छौं। देशलाई विस्तारै आर्थिक रुपमा असफल राष्ट्र बनाउँदै लगिरहेका छौं भने अब पुस्तान्तरणले मात्रै समस्याको समाधान गर्न सक्ला त ?

सरकारी शिक्षकहरू राजनीतिक दलका झोले भएको कारण अधिकांश सरकारी विद्यालयहरू गुणस्तरीय शिक्षा प्रदान गर्न असफल भएका छन्। निजीस्तरमा खुलेका विद्यालयहरू गुणस्तरीय शिक्षाको नाममा ब्यापार गरिरहेका छन् अनि राजनीति गरेर मन्त्री भई सभ्रान्त बन्न पुगेकाहरू अन्य सभ्रान्त वर्गसरह आफ्ना छोराछोरीलाई विदेशमा पढन पठाइ विदेशकै सेवामा लगाइरहेका छन् भने के यस्तो पुस्ताले देशमा समृद्धि ल्याउन सक्छ ? अवश्यै सक्तैन। तसर्थ फेरि पनि पुस्तान्तरणको नाममा आफ्नो नारा भजाइ जनतालाई ठग्ने र देशलाई लुटने कामले निरन्तरता पाउँदैछ। मलेसियामा महाथिर मोहमदले पुस्तान्तरण त गरे तर पछिल्लो पुस्ता असफल हुँदा पुनः उनी नै सत्तामा आउन बाध्य भए। तसर्थ सावधान !! पुस्तान्तरणले केही नाप्नेवाला छैन।

तेस्रो लहरको संक्रमण रोक्ने सरकारको योजना खोइ ?

गोविन्द विक

तेस्रो लहरको कोरोना भाइरस ओमिक्रोन तीब्र रुपमा फैलिने क्रम जारी छ। पहिलो र दोस्रो लहरको कोरोनाले विश्वको अर्थतन्त्रमा नराम्री असर पाऱ्यो। नेपालको अर्थतन्त्रलाई पनि पहिलो र दोस्रो लहरको कोरोनाले थिलोथिलो बनायो। संक्रमण दर कम भएर जनजीवन सामान्यतर्फ गइरहेको परिपेक्ष्यमा फेरि ओमिक्रोनको त्रास फैलिन थालेको छ। अघिल्लो सरकारले पनि कोरोना संक्रमण तिब्र भएको बेलामा बन्दाबन्दीमा कडाइभन्दा अरु काम गर्न सकेन। अक्सिजनको हाहाकारले धेरै संक्रमित नागरिकले ज्यान गुमाएका दृष्यहरू ताजै छन्।

कोरोना संक्रमण बन्दाबन्दीका कारण हुँदा खानेहरू भोकले निकै छटपटिए तर पनि सरकार बेखबर बनिरहयो। अहिलेको गठबन्धन सरकारको चाला पनि उही देखिदैछ। ओमिक्रोन संक्रमण युरोप लगायतका मुलुकमा तिब्र हुदैछ। छिमेकी मुलुक भारतमा पनि तेस्रो लहरको भाइरस संक्रमण तिब्र भइरहेको छ। तर सरकारले संक्रमण रोकथामका लागि कुनै तयारी गरेको छैन। खोपको काम केही आसलाग्दो भए पनि त्यसको वितरणमा सरकारले विभेद गरिरहेको छ।

पहुँच हुने र पार्टीगत निकटता हुनेहरूलाई सरकारले खोप सहज रुपमा उपलब्ध गराइरहेको छ। तर पहुँच नहुने सर्वसाधारण जनताको लागि अझै पनि खोप पाउनको लागि निकै कठिन भइरहेको छ। बुस्टर डोज खोप त सर्वसाधारणको लागि धेरै टाढाको कुरा भइरहेको छ। भीडभाड कार्यक्रमका लहरहरू त्यत्तिकै चलिरहेका छन। सरकारले भीड कम गर्नका लागि कतै पनि चासो दिएको छैन। जतिसुकै भीड भए पनि सरकारले नदेखे जस्तो गरिरहेको छ।

नाकामा कडाइ गर्ने काममा पनि सरकारको ध्यान गएको छैन। संक्रमण तिब्र भएर दिनकै दशौं हजारलाई फैलिन थाल्यो भने त्यसलाई रोक्न के गर्ने ? लकडाउन गर्नुपर्ने अवस्था आयो भने हुदा खाने जनताहरूलाई कसरी राहत उपलब्ध गराउने ? सबै नागारिकलाई पर्याप्त खोपको व्यवस्था कसरी गर्ने ? बुस्टर डोज खोप सबैका लागि कसरी व्यवस्थापन गर्ने लगायतका विषयमा सरकारले कुनै गृहकार्य नै गरेको छैन। भीडभाड र आन्दोलनले सडक भरिएका भरियै छन। एमसिसिको विरोधमा भीडहरू जम्मा हुने क्रम जारी छ। यसतर्फ सरकारले कुनै ध्यानै दिएको छैन। १२ वर्ष भन्दा मुनीका बालबालिकाहरूलाई कोरोनाबाट जोगाउन मुस्किल छ। उनीहरूका लागि खोप पनि बनेको अवस्था छैन। यस्तो अवस्थामा स्वास्थ्य मापदन्ड अपनाउनु भन्दा अरु कुनै पनि विकल्पहरू हामीमाझ छैन। यस कुरालाई मध्य नजर गर्दै सरकारले स्वास्थ्य मापदन्ड अपनाउन अहिलै देखि कडाइ गर्दै लैजाने हो भने संक्रमण हवात्तै बढन सक्दैन। सरकारलाई गठबन्धनको चोचोमोचो मिलाउनमै फुर्सद छैन।

एकपछि अर्को पार्टीका चुनावहरू भव्यताका साथ सम्पन्न भए। अनाआवश्यक मान्छेको भीड जम्मा गरी शक्ती देखाउने होडहरू विगतमा पनि नभएका होइनन। अझै पनि त्यस प्रकारका भीडहरू जम्मा गर्ने दलहरूमा धड्धडी सकिएको छैन। भीडभाड जम्मा हुन र ठूला ठूला कार्यक्रम र्‍याली आन्दोलन गर्न सरकारले कम गराउन सुरु गर्नु पर्दछ। सबैलाई स्वास्थ्य मापदन्ड पूरा गर्नका लागि अहिलैदिखि नै सरकारले ध्यान दिनु पर्दछ। विशेषगरी छिमेकी मुलक भारतबाट आउने नाकाहरूमा सरकारले अहिलेदेखि नै कडाइ गर्दै लानु पर्दछ। सबैलाई बुस्टर डोज खोपको व्यवस्थापन पनि चाडो भन्दा चाडो गर्न जरुरी छ।

अक्सिजनको व्यवस्थापनमा पनि सरकारले विशेष ध्यान दिनुपर्ने अवस्था छ। संक्रमण फैलिइन थालेको अवस्थामा त्यसलाई रोक्नका लागि सबै विकल्पहरूको तयारीमा सरकारका कामहरू तिब्र हुनु पर्ने तर त्यसो हुन सकिरहेको छैन। संक्रमण फैलिने संकेत भइसकोको छ। विज्ञहरूले पनि तयारीमा सुझाव दिइनै रहेका छन। विश्व स्वास्थ्य संगठनले पनि ओमिक्रोनलाई हल्का रुपमा नलिन चेतावनी दिइसकेको छ। संक्रमण रोकथाम गर्ने सबै विकल्पहरूको तयारी सरकारले अहिलैदेखि गर्ने हो भने संक्रमण रोक्न कठिन हुँदैन।

नागारिकस्तरबाट पनि संक्रमण रोकथामा त्यत्तिकै जिम्मेवार हुनुपर्ने भएको छ। स्वास्थ्य मापदन्डको पालनामा ध्यान दिने भीडभाडमा भरसक नजाने जानै पर्ने भए मास्क अनिवार्य प्रयोग गर्ने जस्ता समान्य कुराहरूलाई जनस्तरबाट पनि ध्यान दिन आवश्यक छ।

सम्पादकीय

बुस्टर डोजको आवश्यकता

कोरोना भाइरसको पहिलो र दोस्रो लहरले हाम्रो मुलुकमा पनि गम्भीर क्षति पुऱ्यायो। पहिलोभन्दा दोस्रो लहर निकै भयानक भएर आएको थियो। अस्पतालहरू भरिभराउ भएर जनताले खुला चौरमा बसेर पनि कोरोनासँग लड्नुपऱ्यो। अक्सिजन र भेन्टिलेटरको अभावले अकालमा ज्यान गुमाउनुपर्ने बाध्यता आइपऱ्यो। कोरोनाले तहसनहस पारेको अर्थतन्त्र अहिलेसम्म तरंगिन सकेको छैन। पर्यटन क्षेत्रलाई लथालिङ्ग नै बनायो। कोरोनाले भताभुङ्ग पारेको अर्थतन्त्रको असर अहिले बजारमा देखिन थालेको छ। तरलताको अभावले बैंकहरू ऋण प्रवाह गर्न नसक्ने अवस्थामा पुगेका छन्। कतिपय सानातिना वित्तीय संस्थाहरू ऋण नउठेर थलिएका छन्। व्यापार, व्यवसाय, उद्योगधन्दा, पर्यटन सबै क्षेत्र प्रभावित पारेको कोरोनाले शिक्षा क्षेत्रलाई पनि छोडेन। स्कुल कलेजहरू लामो समयसम्म ताला लागेर भर्खरै मात्र भौतिक उपस्थितिका कक्षामा विद्यार्थी विद्यार्थीले थोर बहुत सिक्ने, पढ्ने मौका पाए पनि दूरदराजका विद्यार्थी र सहरमा बसेर पनि इन्टरनेटको पहुँच नभएका गरिब परिवारका विद्यार्थीहरू पढाइबाट वञ्चित बन्न पुगेका छन्। कोरोनाको त्रासदी लगातारको खोप अभियानपछि केही कम भए पनि अहिले ओमिक्रोन नामको कोरोनाको नयाँ भाइरसको त्रासदी सर्वत्र फैलिन थालेको छ।

कोरोनाको फेरि अर्को लहर आयो भने मुलुकले धान्ने अवस्था छैन। नयाँ चरणमा प्रवेश गरेको कोरोनाको त्रासबाट बच्न बुस्टर डोजको अभियान विभिन्न मुलुकले सञ्चालन गरिरहेका छन्। हाम्रो देशमा खोपको पहिलो अभियान नै पूरा भइसकेको छैन। बालबालिकाहरूलाई खोप दिने अभियान चलिरहेको छ। कोरोनाबाट जोगिन खोप अभियानका लागि राज्यको ३३ अर्ब २४ करोड खर्च भइसकेको तथ्यांक अर्थमन्त्रालयले सार्वजनिक गरेको छ। अहिले थप अभियानका लागि ३३ अर्ब बराबरको कोष बाँकी रहेको अर्थमन्त्रीले जानकारी गराएका छन्। खोप अभियान सञ्चालन गर्न स्रोत जुटाउने समस्या नभएको र रकम कोषमा मौजुदा रहेको अवस्थामा तत्काल पहिलो दोस्रो मात्रा खोप लगाइसकेकालाई प्राथमिकताका आधारमा बुस्टर डोज खोप दिन आवश्यक छ।

विभिन्न सञ्चार माध्यम तथा अन्य स्रोतहरूले जानकारी गराएअनुसार केही पहुँचवाला व्यक्तिहरूले बुस्टर डोज भित्रभित्रै हानिरहेका छन्। त्यसैगरी पहिला दुई डोज खोप हानेकाले पनि खोप नलगाएको भन्दै बुस्टर डोजका रूपमा तेस्रो खोप हान्ने गरेका छन्। स्वास्थ्य जस्तो संवेदनशील कुरामा छलछाम, भेदभाव गर्नु राम्रो होइन। सरकारले ठोस नीति बनाएर आफ्ना नागरिकलाई सुरक्षित राख्न आवश्यक छ। विदेशबाट किनेर ल्याएका र अनुदानमा आएका समाचार पनि आउने गरेका छन्। ती खोपहरू पनि बुस्टर डोजका रूपमा धमाधम दिन सकिन्छ। इजरायलमा अहिले चौथो खोप हान्न थालेको समाचार सार्वजनिक भएको छ। हामी भने नीति बनाउने तयारीमा समेत छैनौं। जब संकट आउँछ अनि मात्र तात्ने परिपाटीको अन्त्य गर्दै ओमिक्रोन भाइरस संक्रमण फैलन नदिनेतर्फ बेलैमा सचेत हुन आवश्यक छ। नेपालमा पनि ओमिक्रोन संक्रमणका छिटफुट घटना देखिन थालेका छन्।

जटिल समस्या बन्दैछ वातावरण प्रदूषण

सुदर्शन अधिकारी

सिंगो विश्व वातावरण प्रदूषणको समस्याले पिरोलिएको छ। वातावरणले समष्टिगत अर्थमा पृथ्वी वरिपरिको परिवेश तथा बाहिरी आवरणको संकेत गर्छ। यसमा मानव, जनावर र वनस्पति समावेश भएका हुन्छन्। यिनीहरू एकआपसमा अन्तरनिर्भर रहेका हुन्छन्। विभिन्न वस्तुहरूको आफ्नो अस्तित्वको क्रममा एकआपसमा अन्तर्क्रिया हुन्छ। वनस्पति, प्राणी तथा मानिसको गुणात्मक तथा परिमाणात्मक स्वरूपले अर्कोलाई प्रभाव पारिरहेको हुन्छ। एउटाको गुण तथा मात्राले अर्काको गुण तथा मात्रालाई प्रत्यक्ष तथा परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। वातावरण निरन्तर परिवर्तनोन्मुख तथा गतिशील प्रक्रिया हो। मानव, अन्य जनावर तथा वनस्पतिको अवस्था एवं स्वरूपमा परिवर्तन आइरहन्छ। यस्ता परिवर्तनका लागि मानवीय तथा प्राकृतिक दुवै प्रकारका कारण रहेका हुन्छन्।

प्राणी, वनस्पति, वायुमण्डल, अन्य जैविक तथा अजैविक वस्तुहरूमध्ये कुनै पनि तत्वमा परिवर्तन आएमा अर्को तत्वमा परिवर्तन तथा गतिशीलताको अवस्था देखापर्छ। दृष्टान्तका रूपमा वनसम्पदा तथा मांसाहारी जनावरको अस्तित्वलाई लिन सकिन्छ। प्रशस्त मात्रामा वन रहँदा साकाहारी जनावर धेरै हुन्छन्। साकाहारी जनावरको वृद्धिले मांसहारी जनावरको आहाराको आपूर्ति बढ्न जान्छ। तिनीहरूको संख्या पनि बढ्छ। तर, अत्यधिक मात्रामा मांसहारी जनावर बढेमा खानाको समस्या बढ्न गई तिनीहरूको संख्या घट्न थाल्छ। वातावरण सबै प्रकारका सामाजिक, आर्थिक, जैविक, भौतिक, रासायनिक तत्वहरूको योग हो र यिनीहरूको आपसी अन्तर्क्रिया र अन्तर्निर्भरताबाट परिवेश बन्छ। वातावरणमा मानवको वरिपरिका जैविक र अजैविक तत्वहरू समावेश हुन्छन्।

मानवलाई आवश्यक पर्ने सबै तत्वहरू वातावरणबाट प्राप्त हुन्छन्। खाना, श्वाशप्रश्वासलगायत अनेकौं कुरामा मानव वातावरण तथा परिवेशमा निर्भर हुन्छ। वातावरण गतिशील हुन्छ। यसमा भएका विभिन्न अवयवको असन्तुलनले अन्य तत्वहरूको अनुपात तथा योगदानलाई प्रभाव पार्ने भएकाले एउटामा आएको असन्तुलनले समष्टिगत सन्तुलनमा प्रभाव पार्छ। मानवका हरेक सामाजिक, आर्थिक, भौतिक आदि किसिमका कार्यले वातावरणमा प्रभाव पार्ने भएकाले मानव वातावरणमा असन्तुलन ल्याउने मुख्य कारक तत्व बनेको हुन्छ। वातावरणलाई विभिन्न तत्वहरूले प्रत्यक्ष तथा परोक्ष रूपमा प्रभाव पारिरहेका हुन्छन्।

त्यस्ता तत्वहरू मानवीय तथा गैरमानवीय दुवै छन्। विज्ञान तथा प्रविधिको विकास र औद्योगिक करणले गर्दा वनसम्पदामा चाप परेको छ। विभिन्न देशमा वनसम्पदामा आधारित थुप्रै उद्योग व्यवसाय चलाइएका छन्। उद्योगहरूको स्थापनाका लागि निर्माण सामग्रीका रूपमा पनि वन सम्पदा उपयोगमा ल्याइन्छ। कच्चा पदार्थका रूपमा काठ ल्याउने, यिनीहरूको उपयोग गर्ने, व्यापार गर्नेजस्ता प्रवृतिले गर्दा वनसम्पदाको विनासमा थप बल पुगेको देखिन्छ। वनसम्पदाको विनाशबाट पानीको सतह तल झर्ने, बाढी, पहिरोजस्ता समस्याले पिरोल्ने गरेको छ। वातावरण प्रदूषणकै कारण अनेकौं समस्याको सामना गर्न हामी विवश भएका छौं। हाल प्रदूषणको कारण दिल्लीमा अनिश्चतकालीन विद्यालय बन्द गरिएको छ। गत वर्ष मंसिरमा हामीले पनि चार दिन सार्वजनिक बिदा नै दिनुपरेको थियो। मानवका लागि वातावरण ज्यादै महत्वपूर्ण हुने भएकाले यसको संरक्षणमा सबैले ध्यान दिनुपर्छ।

माटोमा हालिएका विषादी वर्षाको पानीले बगाएर नदीहरूमा पुग्छ। जसका कारण त्यहाँको प्राणीहरूको जीवन समाप्त हुन पुग्छ। यसले पारिस्थितिक प्रणालीलाई समेत असर गरी वातावरणीय समस्या सिर्जना गराउँछ। मानवले पृथ्वीको गर्भमा रहेको खनिज तत्व आफ्नो हितमा प्रयोग गरिरहेको छ। यस्ता पदार्थहरू ठोस, तरल तथा ग्यासका रूपमा रहेका हुन्छन्। तिनीहरूको उत्खनन तथा प्रशोधन आवश्यक छ र मानवले त्यसो गरिरहेको पनि छ। यस क्रममा धरातलीय स्वरूपमा परिवर्तन आउँछ। खनिज उत्खनन गरिने क्षेत्रको वरिपरिको वा तथा खेतीयोग्य जमिन नष्ट हुन्छ।

खनिज पदार्थ प्रशोधनका लागि विभिन्न किसिमका उद्योगहरूको स्थापना गर्नुपर्ने हुन्छ। यसले मानवलाई खनिज पदार्थको उपयोगमा सहयोग त पुग्छ साथै त्यहाँबाट निस्कने फोहोरले वातावरणमा ठूलो क्षति गराउँछ। त्यहाँको फोहोरका कारण नदी प्रदूषित भई जलचरको जीवनमा असर पुग्छ। हाल हरेक देशका कुनाकाप्चामा सवारीका साधनको चाप बढ्दो छ जसबाट मानवले सुविधा पनि लिएको छ। तर, यसले वातावरणीय समस्याको सिर्जना पनि गराइरहेको छ। सवारी साधनको इन्धनले गर्दा वायुप्रदूषणको मात्रा विगतको तुलनामा वृद्धि भएर गएको सत्य हामी सबैको सामु छँदै छ। खासगरी सहरी क्षेत्रमा वायु प्रदूषणको असर ज्यादा रहेको छ। बढ्दो यातायातको साधनको कारण सहरी क्षेत्रमा ध्वनि प्रदूषणको समेत व्यापक रूपमा वृद्धि भइरहेको छ। वायुप्रदूषणले अनेकौं प्रकारका रोग देखापरिरहेका छन्। श्वासप्रश्वाससम्बन्धी रोगको मुख्य कारण भनेकै वायु प्रदूषण बनेको वर्तमान अवस्थामा हामी सबैले वातावरण जोगाउने कार्यमा सक्रिय हुनु जरुरी छ।

मैले देखेको १८८ औं विश्व पर्यटकीय स्थल
भालेन्सियाको लोन्या दे ला सेदा

सुरेन्द्र ढकाल

अगाडिबाट हेर्दा ला लोन्या यस्तो देखिन्छ

ला लोन्याभित्र रहेको सुन्तला बगैंचा

२८ जुन २०१३ का दिन आल्जिसिरासबाट बिहानै रेल चढेर मेड्रिड आइपुग्दा दिनको २ बजेको थियो। हामी त्यहाँ नबसी सोझै स्पेनको अर्को शहर भालेन्सियाको लागि प्रस्थान गऱ्यौं। रेलको यात्रा जम्मा साढे ३ घण्टाको थियो। भालेन्सिया आइपुग्दा बेलुकाको ५:३० बजेको थियो। गृष्म ऋतुका लामो दिन भएको हुँदा घाम टन्टलापुर लागि नै रहेको थियो। रेलवे स्टेशनको एक लजमा ब्यागहरू छोडेर हामी पैदलै भालेन्सियाको प्रमुख पर्यटक आर्कषण केन्द्र मानिने लोन्या दे ला सेदातर्फ हानियौं। रेलवे स्टेशनबाट करिब साढे दुई किलोमिटर उत्तरतर्फ हिँडिसकेपछि हामी हाम्रो गन्तव्य पुग्यौं।

लोन्या दे ला सेदा

यो भालेन्सियन गोथिक शैलीमा बनेको एक सुन्दर भवन रहेछ। यो भवन शहरको प्रमुख पर्यटक आर्कषण स्थल पनि रहेछ। सन् १४८२ र १५३३ को बीचमा बनेको यस भवन र यसको सुन्तला बगैंचासहितको परिसर ३ भागमा विभाजित रहेछ। स्पेनी भाषामा सेदाको अर्थ रेशम हुन्छ। यस भवनमा मध्यकालदेखि नै रेशम ब्यापारीहरू आई रेशमसँग वस्तु विनिमय तथा रेशम खरिद बिक्रीसम्बन्धी ब्यापारिक सम्झौता गर्दा रहेछन्। त्यसैले यस भवनको नाम रेशम विनिमय स्थल (लोन्या दे ला सेदा) हुन गएको रहेछ।

भवनको मुख्य कारोवार गर्ने हल *Sala de Contratacion* गहन रुपमा स्प्रिङ जस्ता घुमाउरो स्तम्भहरूले सिंगारिएको रहेछ। यही हलमा बसेर रेशमका व्यापारीहरूले रेशमा कारोबारसम्बन्धी सम्झौता गर्दा रहेछन् र यो वित्तीय केन्द्रको रुपमा पनि विकाश भएको रहेछ। यसै भवनको किनाराको मोहडामा वाणिज्य दुतको पेभेलियन रहेछ जुन स्पेनको सामुद्रिक ब्यापारीहरूको पहिलो ट्रिब्युनल *Tribunal del Mar* रहेछ।

भवनको पहिलो दुई तला कारोबारको मुख्य कक्ष रहेछ जसका दलिनहरू गहन रुपमा कलात्मक ढंगले कुँदिएका र त्यहाँ रहेका सजावटका समानहरू सबै त्यही बेलादेखि संरक्षण गरिएका मौलिक रहेछन्। यस भवनको केन्द्रीय टावर रहेको कक्षमा रेशम ब्यापार गर्ने भनी ऋण लिई नतिर्ने ब्यापारीहरूलाई कैदमा राखिदो रहेछ। १५ औ शताब्दिमा भालेन्सियाको ब्यापारिक समृद्धि शिखरमा पुगेको रहेछ र यसैको कारण यति सुन्दर ब्यापारिक कारोवार भवन निर्माण हुन पुगेको रहेछ। यस भवनको डिजाइन स्पेनको अर्को शहर मायोर्काको पाल्मा दे मायोर्काकै दुरुस्त रहेछ जस्को सिर्जना प्रख्यात वास्तुविद गुइलेम साग्रेराले सन १४४८ मा गरेका रहेछन्।

यस भवनको मुख्य सम्झौता कक्षमा इमानपूर्वक ब्यापार गरेका रेशम ब्यावशायीहरूको नाम लहरै कुँदिएको रहेछ र मुख्य शिलालेखमा इमान र मितव्ययिता सफल व्यवशायको लागि नभै नहुने कुरा हो जस्को लागि कोही पनि प्रोटेस्टेन्ट वा क्याथोलिक हुनु जरुरी छैन भनेर लेखिएको रहेछ। सन १९९६ देखि युनेस्कोको विश्व सम्पदा सूचीमा अंकित यो धार्मिक रुपले निरपक्ष गोथिक शैलीको भवनले भूमध्य सागरीय देशहरूका शहरहरूले सफल ब्यापारमार्फत कसरी शक्ति र धन आर्जन गरेका रहेछन भन्ने प्रमाणित गरेको रहेछ।

करिब दुई घण्टा जति यस भवन र यसको परिसरमा बिताई स्थानीय फास्ट फुड रेष्टुराबाट हल्का खाना किनेर हामी लज फर्कदा बेलुका नौ बजेको थियो। भोलिपल्ट बिहान जुन २९ तारिखमा हामी भालेन्सियाबाट रेलमा स्पेन अर्को शहर वार्सेलोनातर्फ लाग्यौं।

लोन्याभित्रको मौलिक सजावट यस्तो रहेछ

कारोबार गर्ने हलको स्पिङ जस्तो घुमाउरो स्तम्भ यस्तो रहेछ

लोन्याको मुख्य टावर

लोन्या दे ला सेदामा पर्यटकहरू

मुख्य कारोबार कक्षको गहन रूपमा कुँदिएका दलिन

कथा

अपहरण

सीतादेवी छेत्री

बजारमा एउटा पसल राखेका थिए पदमबहादुरले । पसलमा दुई सहयोगी र आफै पनि लाग्दा ग्राहकको सामान दिनलाई आपत हुन्थ्यो । बजारमा पसल भएपनि बसोबास गाउँको शान्ति माहोल नै रूचाएका थिए पदमबहादुरले । उनको धर्मपत्नी जमुनाको कोखबाट दुई जुम्ल्याहा छोरा र एक छोरीको जन्मभएको थियो ।

सानैबाट तीनैजना पढ्नमा मेधावी थिए । आमाबाबले छोराछोरीलाई राम्रो संस्कार दिएर हुर्काएका थिए । आफ्नो नानीहरूको राम्रो पढाई, राम्रो संस्कार देख्दा आमाबाबलाई अरू के चाहियो र रु आफ्नो सन्तानसित सन्तुष्ट थिए दुवै । दुई दाइ टी.डी.सी. पुगेका थिए । बहिनी रुपा एघारमा दाखिला गरेर हायर सेकेन्डरी जाँदै थिइन ।

जस्तो नाम उस्तै रुप ईश्वरले पनि दिएका । आमाबाबले जानेरै नाम राखिदिएका रहेछन । रुपमा त्यस क्षेत्र र क्याम्पसमा रुपा जतिकी अरू कोहि सुन्दरी थिएनन् । बाटोमा हिँड्दा बालक, वृद्ध, जवान महिलासम्म एकचोटि फर्केर हेर्ने गर्दथे उसको सुन्दरतालाई । पाँच फीट चार इन्चजतिकी अग्ली, लामा लामा केश, आँखा मृग जस्ता, गोरो वर्ण हेर्दा अतिनै सुन्दरी ।

गाउँको ठाउँ, दसवीं पास हुने बित्तिकैबाट कन्यअर्थ आउनेका ताँती थिए घरमा । रुपालाई भने राम्रो पढेर कुनै एउटा जागीर गर्ने विचार थियो । छोरीको इच्छालाई हेर्दै बाबाले कन्यअर्थ आउनेलाई विनम्र हुँदै छोरीको आकाङ्क्षा सुनाउने गर्थे । धनको केहि कमी थिएन र पढेसम्म पढाउने विचार थियो पदमबहादुरको ।

रुपा बाह्रमा पढ्दै थिइन । एकदिन सेकेन्डरीबाट घर फर्किंदै थिइन । बाटोमा तीन केटाहरू मिली पछाडिबाट केहि सुँगाएर बेहोस पारे । दुईजनाले छिटो-छिटो बोकेर गाडीमा हाले । अर्काले गाडी चलाएर लगे । एउटा नौ दस वर्षको केटो स्कूलबाट आउँदै गर्दा परैबाट रुपालाई बोकेर गाडीमा हालेको देख्यो । छेउमा जाने आँट गरेन र डरायो ।

त्यहाँबाट दुगुर्दै गएर जमुनालाई सबै घटना सुनायो । जमुनाले फोन गरेर रूँदै त्यो केटोले भनेको सबै कुराहरू सुनाइन, पदमबहादुरलाई । पसल छिटो बन्द गरेर केहि सहयोगीलाई लिएर हस्याङफस्याङ गर्दै घर पुगे । गाउँमा धेरै जातिका मान्छे थिए । र उनीहरू सीधै मुखियाका घर गएर भएको घटनाको जानकारी गराए । मुखियाले यसबारे उनलाई केहि जानकारी नभएको जनाए ।

रुपाको भाग्य राम्रो थियो होला सायद, गाउँमा सबै भेला भएर खोजी गर्दै थिए । अचानक फौजीहरू त्यता पेट्रोलिङ हिँड्दै आए । सबै भेला भएको देख्दा उनीहरूले सोधपुछ गर्दा कारण पत्तो लगाए ।

फौजी सीधै मुखियाको घर गएर माइकबाट गाउँका सबैलाई यहाँ अहिले हाँजिर गराउन अर्डर गरे । छिटो भन्दा छिटो हाँजिर हुनु भन्ने निर्देश भयो ।

आधा घण्टासम्ममा गाउँका युवक, वृद्ध, महिलाहरू सबै जम्मा भएका थिए । रुपालाई अपहरण गरेको गाउँका सबैलाई थाहा हुन्छ । सबैले एकछिन आ-आफ्नो भाषामा कुरा गरे । उनीहरूलाई यता-उता फोन लगाएर टुङ्गो लगाए, गाउँकै केटोले अपहरण गरेको रहेछ भन्ने बुझे ।

यता त्यो अपहरण गरेको केटाले उसको विवाहित बहिनीको घर लगेर गएछ सीधै । बहिनीको आँगनमा गाडी रोकेर तीनजनाले मिलेर रुपालाई बोकेर भित्र लगे । बहिनी तीन छक्क पर्दै सोधिछिन्- 'यो केटी त मेरो स्कूलको सहपाठी रुपा हो । यसलाई के भयो र यसरी बेहोस हालतमा यहाँ लिएर आयौ ।'

'बहिनी पहिला मलाई माफ गरि सुन ल, यो रुपालाई म आन्तरिक हृदयबाट माया गर्छु । कति चोटी प्रेम प्रस्ताव राखीसकें, जहिल्यै इन्कार मात्र गर्छिन । म उ बेगर बस्नु नसक्ने भएर आज अपहरण गरेर यहाँ लिएर आएको । आज मलाई तिम्रो सहयोग चाहिएको छ ।'

'दाइ, तर, आज तिमीले सही काम गरेनौ । एकतर्फी माया कहिले सफल हुँदैन । रुपाको घरमा कति खोजी हुँदैछ होला । उनी त मेरो धेरै मिल्ने साथी हुन । उ माथिको यस्तो अत्याचार म सहन सक्दिन । रुपालाई अहिले उसको घर छोड्नु जाउ ।'

'तिमी मेरो बहिनी भएर यस्तो भन्छेउ कति मुश्किलले आज यहाँसम्म ल्याउनु सफल भएको छु । मेरो माया तिमीले के बुझ्थेउ ।'

रुपालाई अलि-अलि होश आएको जस्तो देखे, तर उ कक्रिएर मुखबाट फिँज निकाल्दै मुख, नाक बङ्गयाउदै दाँत किट्दै थिइन ।

स्कूलमा पनि यस्तो कहिलेकाहीँ हुने गथ्यो रुपालाई । यसलाई छारेरोग यानी मिर्गीको बिमारी छ भन्थे स्कूलमा । यस्तो हुँदा शिक्षकहरूले छिटै अस्पताल पुऱ्याएर घरमा खबर दिने गर्थे । ल अब छिटो अस्पताल पुऱ्याउनु पर्छ, छिटो गाडीमा चढाउ । अस्पताल पुऱ्याई सक्दा रुपाका बुवा, गाउँका थुप्रै मान्छे र मुखियाज्यू त्यहि पुगे ।

हजुरहरू एकछिन शान्तसित बसिदिनुहोस । म यो केटासित एकान्तमा कुरा गर्छु मुखियाले भनेर त्यो केटोलाई पर लगेर निकै बेर बात गरे । मुखियाले भनेको कुरा कसैले हस्तक्षेप गर्दैनन् र सबै शान्त भएर बसे ।

दुई घण्टाजतिमा रुपालाई होश आयो । छक्क पर्दै ओरपर हेर्दै थिइन । अहिलेसम्म उसित के-के भयो बेखबर थिइन । बुवाले छेउमा आएर सोधे - 'नानी तिमीलाई अहिले कस्तो छ ?'

'अलिक टाउको भारी भएर दुःखेको छ । बुवा म त क्याम्पस गरेको थिए । यहाँ कसरी आए ?'

'तिमी बेहोश भएछौ र हामीले लिएर आएको छोरी । तिमी आराम गर्दै गर ल, म डाक्टरलाई भेटेर आउछु' भनी निस्किए । डाक्टरले रुपालाई एकचोटी जाँच गरेर हेरेपछि अब घर लग्दा हुन्छ भने ।

अर्को दिशातिर गाडी गएको देखेर रुपा छक्क पर्दै एकछिन त सोचिरहिन । डराउँदै बुवालाई सोधिन्- घरतिर नगएर हामी कता जाँदै छौँ रु आज तेरो काकाको घर जाने हो । भोलि बिहान घर फिर्ता हुने हो ।काकालाई केहि भएको त छैन नी बुवा ?

केहि भएको छैन भेटघाट गरौँ भनेर हो । तँ केहि चिन्ता नगर । भन्दै सोचे - 'यसलाई ती केटाले बेहोश गरेको केहि याददाश छैन सायद । केटाहरूले अपहरण गर्नुभन्दा पहिलै यसलाई बिमारीले छोपिसकेको रहेछ होला र केहि सम्झना छैन । नत्र भए केहि त भन्थी ।'

बाटैबाट भाइलाई हामी आउँदै छौँ भनि खबर गरे । भाइको घर पुगेर रातीको खाना खाएपछि पदमबहादुरले आज घटेको घटना सुनाए ।

यो त सानो कुरा होइन दाजु । त्यो केटाको यत्रो साहस भएछ गाउँका चेलीबेटी अपहरण गर्ने रु त्यसलाई पुलिस केश गरी जेलमा हाल्नुपर्छ । भोलि म पनि हजुरसितै जान्छु र त्यसको धुलाई गर्छु ।

मैले अगिनै पुलिसमा एफ ।आई ।आर । गर्छु भनेको थिए । मुखियाबाले यो गाउँका मामला हो म नै मिलाउँछु भन्दै थिए । आमाको रोएर हालत बिग्रेको छ भन्दै थिए गाउँकाले ।

भोलि रुपालाई लगेर जानु पर्छ । नत्र डराएर लुकाएको भन्छन । आफ्नो मानो खानु छ किन डराउने तिनीहरूसित । म एकचोटी थर्काएर आउँछु । चेलीको रक्षा गर्न आउँछ मलाई ।

म त एक-दुई दिन यहाँ छोरीलाई राख्छु सोचेर आएको थिए, तर तिम्रो कुरा सुन्दा सही लाग्यो । हामीले के बिराएका छौँ र ? मुखियाबाले सकेनन् भने त्यो केटाहरूलाई जेल पुऱ्याउनु पर्छ ।

रुपा, पल्लो कोठामा बसेर सुनिरहेकी थिइन छक्क पर्दै । त्यो केटा माथि कति रिस उठ्दै थियो । अहिले गएर ठूलो लौरोले हान्न् मन लाग्दै थियो ।

भोलिपल्ट बिहानै भाइ-बुहारी सहित गाउँ पुगे । उनीहरू आएको खबर सुनेर मुखियाज्यू भेट्न पदमबहादुरको घर पुगे ।

गाउँमै केश मिलाउ, प्रहरी नगरौँ भन्ने् सल्लाह दिए मुखियोले । त्यहाँको नियममा गाउँका मुखियाले सभामा दिएको आदेश सबैले पालन गरेको हुनैपर्ने नियम थियो । यहाँसम्म कि मुखियाको आदेश पालन नगर्नेलाई गाउँबाट निकाल्ने नियम थियो ।

पदमबहादुरको भाइले मुखियालाई सोधे - के ग्यारेन्टी छ कि फेरि त्यो केटाले यो हर्कत गर्दैन भन्ने् ? हामीलाई त केश फायल गरेर त्यसलाई जेल हाल्ने मन छ ।

काम पनि माफी दिन लायक गरेको छैन केटोले । गाउँमा सबैको इज्जतको सवाल छ । यो कुरा गाउँबाट बाहिर गयो भने सबैको बदनाम हुन्छ । हुने नहुने अनेक लाञ्छना लगाउँछन । म ग्यारेन्टी लिन्छु रुपा मेरी पनि छोरी हो । यो गाउँको एउटा घमण्ड पनि हो उसको सुन्दरता ।

पदमबहादुरले निकै बेर सोचे । छोरासित केहि अनर्थ हुनुबाट भगवानले बचाए । मुखियाज्यू हजुरले यसरी ग्यारेन्टी लिन्छु भन्दा हामी पुलिस केश नगर्ने भइयो । तर आइन्दा फेरि यस्तो घटना नहोस । राम्रोसित मिलाई दिनुहास् ।

भोलिपल्ट नै मुखियाले गाउँका सबैलाई बोलाएर सभा राखे । सबैले पहिला केटाको बयान सुन्ने् भए ।

त्यसले सबैको अगाडि माफी माग्दै भन्यो - मैले गरेको काम माफी गर्ने योग्य छैन तर आज यो सभाको अगाडि भन्छु, आजबाट रुपालाई म मेरो बैनीको नजरले हर्नेछु । र उसको हिफाजत गर्छु । के बुद्धि आयो मलाई यस्तो काम गरेँ । रुपालाई मैले छोएको पनि छुइन यसको साक्षी यो मेरो दुई साथी र बहिनी छन । हुनसक्छ भने यो पापीलाई माफी गरिदिनुहोस । भन्दै विन्ती चढायो ।

लामो बहसपछि सबैले एकपल्टको लागि माफ गर्ने निर्णय गरे । आइन्दा यसले गाउँमा कुनै प्रकारको घटना गरे, परिवार सहित गाउबाट निकासित गर्ने लेखापढी गरी सभा विसर्जन गरे ।

-कांग्लातोङबी, मणिपुर

हिन्दु महासंघका महासचिव भण्डारी पदमुक्त

काठमाडौं, पुस २ । विश्व हिन्दु महासंघ अन्तर्राष्ट्रिय समितिका निमित्त अध्यक्ष चक्रबन्धु अर्यालले महासचिव अस्मिता भण्डारीलाई पद मुक्त गर्नु भएको छ । यही मंसिर २४, २५ र २६ गतेको लागि काठमाडौंमा आयोजना भएको सो महासंघको महासम्मेलनमा अध्यक्षको निर्वाचन प्रक्रियामा विवाद सृजना भएपछि निर्वाचन समितिले निर्वाचन स्थगित गरेपछि २५ गते राती महासम्मेलनको महासभा रोकिएको समाचार प्राप्त भएको थियो । अध्यक्षको प्रत्यासी उम्मेदवारको रूपमा किशोरकुमार गौतम व्यासाचार्य र महासचिव अस्मिताले उम्मेदवारी दिएका थिए । महासभा रोकिए पनि आफ्ना पक्षधरको आडमा एकलौटी रूपमा भण्डारीले आफूलाई आफूखुशी कार्यवाहक अध्यक्ष घोषणा गराएको सुन्नमा आएको स्रोतले जनाएको छ ।

यसरी स्वघोषित का.वा. अध्यक्ष हुने व्यवस्था कुनै पनि संघसंस्थामा नहुने कानूनविज्ञहरू बताउँछन् । महासभा वा निर्वाचन प्रकिया पूरा भएर अर्को अध्यक्षले जिम्मेवारी नलिएसम्म पुरानै अध्यक्ष रहने विश्वव्यापि मान्यता हो । नयाँ प्रधानमन्त्री नियुक्ति नभएसम्म पुरानो प्रधानमन्त्रीले राजीनामा दिएपनि उसले नै जिम्मेवारी संहालेको हुन्छ । त्यस्तै महासंघमा पनि यस्तो अवस्थामा पुरानै कार्यकारिणी समितिले नै जिम्मेवारी बहन गर्नुपर्ने आसय महासंघका पदाधिकारी तथा सदस्य एवं सरोकारवालाहरूको रहेको बुझिन्छ ।

अस्मिता भण्डारीले अध्यक्षको निर्वाचन रोकिएपछि आफूलाई आफूखुशी अध्यक्ष घोषणा गराउने, अर्का अध्यक्षका उम्मेदवार किशोरकुमार गौतम पक्ष, आफू (चक्रबन्धु), र कार्यकारिणी समितिका मुख्य पदाधिकारी एवं सदस्यहरू, महासभाका अधिकांश प्रतिनिधिहरू र अन्य सरोकारवालाको सहमति नलिई तथा जानकारी नै नगराई महासंघको कार्यालयलाई अवैधानिक ढङ्गले नियन्त्रणमा लिइ एकलौटी कब्जा गर्ने, अनाधिकृत प्रचारबाजी गर्ने, कार्यालय, संस्थाको लेटरहेड, छापको दुरुपयोग गरी अनाधिकारिक समाचार संप्रेषण गराउने, अर्का अध्यक्षका उम्मेदवार किशोरकुमार गौतमको बारेमा मानमर्दन हुनेगरी अवाञ्छित अफवाह फैलाउने दुष्साहस जस्ता महासंघको उद्देश्य एवं हितविपरित काम गरेकोले उनलाई विश्व हिन्दु महासंघको विधान २०६३ (संशोधन सहित) को अनुच्छेद २० को दफा ३ र ६ बमोजिम महासचिवबाट पदमुक्त गरेको व्यहोरा श्री पाँचको सरकारको पूर्व रक्षासचिवसमेत रहेका महासंघका निमित्त अध्यक्ष चक्रबन्धु अर्यालले जिल्ला प्रशासन कार्यालय काठमाडौंमा बोधार्थ गराएको कारवाही पत्रमा उल्लेख भएको देखिन्छ ।

कामदार अनियमितताबारे कारण देखाउ आदेश

काठमाडौं । इजरायलका दीर्घकालिन स्याहार केन्द्रमा पठाइने नेपाली कामदार छनौट प्रक्रियामा अनियमिता भएको भन्दै परेको रिट निवेदनमा सर्वोच्च अदालतले विपक्षीहरूका नाममा कारण देखाउ आदेश जारी गरेको छ । सर्वोच्चले अन्तरिम आदेश जारी गर्ने नगर्ने बारेमा छलफल गर्न यही पुस ५ गरे दुवै पक्षलाई बोलाएको छ । सर्वोच्च अदालतका न्यायाधिस हरिप्रसाद फुयालको इजलासले उक्त आदेश दिएको हो ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार विभागअर्न्तगत इजरायलका दीर्घकालिन स्याहार केन्द्रमा पठाइने नेपाली कामदार छनौट प्रकृयामा तोकिएको मापदण्ड र सरकारले जारी गरेको सूचनाको आधारमा छनोट भई इजरायल जाने दिनको प्रतीक्षामा बसिरहेकाहरूले छनौट प्रकृयामा अनियमिता भएको भन्दै सर्वोच्चमा रिट निवेदन दिएका थिए । वैदेशिक रोजगार विभागले इजरायल जाने कामदारका लागि भनेर १४०० जनाको विज्ञापन गरेको थियो । पछि विना सूचना १६०० जनाको नामावली प्रकाशन गरेर अनियमितता गरेको रिट निवेदकको आरोप छ ।

निवेदकहरूले छनौट प्रकृया समेत अनियमित भएको आरोप लगाएका छन् । विभागले २०७८ साउन १२ गते जारी गरेको सूचनाको ७ नं वुँदामा छनोट समितिले १४०० जनाको योग्यताक्रम सूचिको अन्तिम रोष्टर तयार पारी इजरायली सरकारी निकायलाई उपलब्ध गराउने छ भनी उल्लेख गएिको छ । तर वैदेशिक रोजगार विभागले २०७८/०६/१० गते जारी गरेको सिफारिससम्बन्धी सूचनामा १६०० जनाको नाम सिफारिस गरिएको छ । यसबाट हामी अन्यायमा परेकोले न्यायको लागि अदालतमा आएको रिट निवेदकमध्येकी एक रिता बिष्टले बताइन् । उनले भनिन् विभागको सूचनाअनुसार १४०० जनाको नाम प्रकाशन गर्नु पर्नेमा दुई सय जना बढाएर किन, कति कारणले १६०० जनाको नामबली प्रकाशन गरियो भन्ने कुनै प्रकारको सार्वजनिक सूचना प्रकाशन गरिएको छैन । त्यसैले यसमा अनमियता भएको छ ।

बिष्टका अनुसार यतिमात्र हैन वैदेशिक रोजगार विभागको आधिकारीक बेभसाइटमा समेत यसलाई राखिएको छैन । विभागले यसरी अपारदर्शी रुपमा छनौट प्रकृया अपनाएपछि सरोकारबालालाई जानकारी नदिई बिना सूचना दुई सय जनाको नामाबली थप गर्ने अख्तियारी विभागले कहाँबाट पायो यसको उत्तर नपाएपछि न्यायलय गुहान आइपुगेको अर्की रिट निवेदक समिला राईले बताइन् ।

सूचनामा भनिएअनुसार चिठ्ठा प्रणालीमार्फत कामदार छनोट गर्दा १४०० मध्येबाट गर्नु पर्नेमा किन १६०० जना उम्मेदबारबाट गरियो । त्यहाँ थप भएका २०० जनालाई कसरी समाबेस गरियो ? यसको स्पष्ट आधार र कारण विभागले दिन सकेको छैन ।

रिट निवेदकको तर्फबाट बहस गरेका अधिवत्ता विष्णुकुमार गिरीले नेपालको संविधानको धारा ३३ उपधारा (१), (२), धारा ३८, धारा ४६ बमोजिम प्राप्त गरेको मौलिक हकमा विपक्षीहरूले आघात पुऱ्याएको देखिन्छ । अधिवक्ता गिरीले अपारदर्शी रुपमा कामदार छनौट गरि इजरायल पठाउन विपक्षीहरूले अपारदर्शी रुपमा निरंतर प्रकृया अगाडि बढाइरहेकाले यो प्रकृया तत्काल नरोके हामी प्रारंभिक परीक्षामा उत्तीर्ण भएर इजरायल जाने प्रतीक्षाममा बसिरहेका निवेदकहरू इजरायल जान नपाउने भएकाले रिट निबेदकको पक्षमा बह गरको बताउँदै सम्मानीत अदालतले न्याए दिनेका विश्वस्त रहेको बताए ।

इजरायलका दीर्घकालिन स्याहार केन्द्रमा पठाइने नेपाली कामदार छनौट प्रक्रियामा अनिमियता भएको भन्दै जमुना पौडेल कार्की समेत ९ जनाले श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार विभाग समेतलाई विपक्ष बनाई गत मडसिर २२ गते रिट निवेदन दर्ता गराएकी थिइन । इजरायलका दीर्घकालिन स्याहार केन्द्रमा पठाइने नेपाली कामदार छनौट प्रक्रियामा अनिमियता भएको भन्दै अख्तियार दुरुपयो अनुसन्धान आयोगले समेत श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिवसँग लिखित जवाफ माग गरेर आफ्नो कारबाहीको प्रकृयालाई अगाडि बढाएको छ ।

नियात्रा

स्मृतिको क्यानभास–३

✍ रामप्रसाद पन्त

बिहानै बेडटी ल्याइन् सुनिता गुरुङले ।तबसम्म हामीमध्ये कोही शौचालय जान भ्याएका थियौँ, कोही ओछ्यानमै थियौँ ।

हामी गार्खाली सुधारसभा (गोर्खा वेलफेयर सेन्टर) देहरादूनको भवनमा बसेका थियौँ । गोर्खालीहरूको सुधार र उत्थानका लागि १७ अप्रिल १९३८ मा महाराजकुमार नरेश शम्सेर जबरा लगायत दश जना मिलेर यस संस्थाको स्थापना भएको रहेछ । गोर्खालीहधरुको आर्थिक, सामाजिक, सांस्कृतिक उत्थानका लागि समर्पित भई लाग्ने यस संस्थाको उद्देश्य रहेछ । देश, धर्म र राष्ट्रियता कुनै पनि बदलिन सक्छ तर च्याँ गरेदेखि चिहानपुग्दासम्म कसैको जाति बदलिन सक्दैन तसर्थ गोर्खा जातिको हक हित र स्वाभिमानलाई ज्युँदो राख्न 'सङ्घे शक्ति कलौ युगे' बाट प्रेरित भएर यस संस्थाको स्थापना भएको हामीले बुझ्यौँ ।

यसै संस्था अन्तर्गत अखिल भारतीय गोर्खा पूर्व सैनिक उज्ज्वल कोष समिति स्थापना गरिएको रहेछ – सन् २००६ मा । यसले खास गरी शैक्षिक क्षेत्रको समुन्नतिमा आफ्नो ध्यान केन्द्रित गरेको रहेछ । गरिब परिवारका जेहेन्दार विद्यार्थीलाई ट्युशन पढाउने र उनीहरूलाई छात्रवृत्ति प्रदान गरी शैक्षिक स्तर उकास्ने काममा महत्वपूर्ण योगदान गर्नुका अतिरिक्त पूर्व सैनिक, बिधुवा सैनिकपत्नी र आश्रित बालबच्चालाई पनि उच्चशिक्षा एवं प्राविधिक शिक्षा उपलब्ध गराई रोजगारी दिलाउने काम पनि सो समितिबाट हुँदो रहेछ । संस्थाका जनरल सक्रेटरी रहेछन् – अशोक मुखिया । उनीसँग भेटघाट भएको थियो हाम्रो हिजै बेलुका ।

गोर्खाली सुधार सभाले दैवी प्रकोप उद्धारका कामहरू पनि गर्दो रहेछ । २५ अप्रिल २०१५ (२०७२ वैशाख १२) को महाभूकम्प पश्चात् सो सभाले अवकाश प्राप्त लेफ्टिनेन्ट जनरल रामप्रधानको सक्रियतामा नेपालका भूकम्प पीडितहरूलाई तीन चरणमा गरी एघार ट्रक खाद्यान्न तथा अन्य राहत सामग्रीहरू ढुवानी गरेर भूकम्पग्रस्त क्षेत्रमा पुऱ्याई वितरण गरेको रहेछ । राहत ढुवानीकै क्रममा महेन्द्रनगरमा ट्रक दुर्घटना हुँदा कप्तान गोविन्द प्रधानको मृत्यु पनि भएको रहेछ । यस अतिरिक्त गोर्खा गुराँस सांस्कृतिक कलाकेन्द्रले पनि सांस्कृतिक कार्यक्रमको आयोजना गरेर रु. १ लाख उपलब्ध गराएको रहेछ । यसअघि सो सभाले कारगिल, गुजराँत, उत्तरकाशी र केदारनाथ लगायत विभिन्न ठाउँमा भएको दैवी प्रकोपमा पनि उद्धार गरेको रहेछ ।

त्यो समितिको कार्यालय थियो हामी बसेकै भवनको भुइँ तलामा र हामी बसेका थियौँ माथिल्लो तलामा । त्यस भवनको रेखदेखका लागि सुनिता गुरुङ खटिएकी रहिछन् ।



उनको परिवार त्यहीँ बस्दो रहेछ । अतिथि कक्षमा बस्ने पाहुनाहरूले सादा दालभात तरकारी र मासु खान चाहेमा सुनिताले आफैँ भान्सामा तयार गर्दिरहिछन् र उचित मूल्य भुक्तान गर्दिरहिछन् ।

साधारण भईकन स्वादिष्ट खाना खुवाएकी थिइन् हिजो बेलुका सुनिताले । त्यसै भएर आज बिहानको खान पनि त्यहीँ खाने अनुमति दिएका छौँ हामीहरूले । खाना खुवाउनुअघि केही नास्ता पनि खुवाउने छिन् सुनिताले हामीहरूलाई ।

आज अर्थात् २०७२ साल कार्तिक ९ गतेको औपचारिक कार्यक्रम देहरादूनमा छैन तसर्थ आज हामी भोजन पश्चात् दून प्रदेशका दर्शनीय स्थलहरूको अवलोकन गर्नेछौँ र आजको रात मसूरीमा बिताउने छौँ ।

आजभन्दा चालीस वर्षअगाडि पाँच पटक देहरादून पुग्दा मसूरी उक्लिन पाएको रहेनछु । समय जुटेन कि अर्थ पुगेन कुन्नि ! तलैबाट डाँडाको झिलिमिली हेरेँ र तलैबाट ऋषिकेश फर्कें । ३३ किलोमिटर बाटो उक्लिने आँट गरिनँ । हुनसक्छ, मैले मनमिल्दो साथी पाइनँ कि !

ठीक ११ बजे भूपेन्द्र अधिकारीले गाडी लिएर आउने छन्, तबसम्म हामी खाना खाइवरी तयार हुनेछौँ । एक रातको लागि आवश्यक सामानहरूको सानो झोला अलग्गै तयार गरी गाडीमै राख्नेछौँ र सहरको चक्कर लगाउँदै बेलुका मसूरी उक्लिने छौँ ।

राती बाघ करायो रे ! अचम्मको कुरा गर्नुभयो लेकालीले । त्यो पनि कोठाभित्रै । कसरी पत्याउने ? मैले सोचें, उहाँको सङ्केत दुर्घन्धतिर होला ! तर होइन रहेछ, उहाँको प्रक्षेपण घुराइप्रति रहेछ । मैलेचाहिँ सुनिनछु । उहाँको साङ्केतिक आरोप ममाथि पनि थियो– तपाईं पनि अलिअलि ... । सुनेर म झस्केको थिएँ । किनभने ममाथि यस्तो आरोप यसअघि कसैले लगाएको थिएन । मैले पहिले पत्याइनँ तर पत्याउन कर लाग्यो । किनकि म उहाँसगैको बेडमा सुतेको थिएँ । हुनसक्छ, कहिलेकाहीँ उत्तानो परेर सुतियो र श्वासप्रश्वासमा थोरैमात्र पनि बाधा पऱ्यो भने पनि आफूले थाहा नपाउने गरी आवाज निस्किँदो रहेछ । डा. सुमनले समेत भनेपछि मैले अविश्वास गर्ने कुरै भएन ।

हामी उत्साहित भएका थियौँ । किनकि हाम्रा वीर पुर्खाले आर्जेको तर अहिले गुमेको भूगोलको सिमा नालापानी किल्ला हेर्ने छौँ । हामी रोमाञ्चित भएका थियौँ, किनकि हिजो बेलुका मसूरी डाँडाको झिलिमिली हेरेजस्तै आज बेलुका मसूरीको कुनै होटल वा रेष्टुराँमा बसेर शरीरमा मनचिन्ते स्वाद भर्दै दून प्रदेशको झिलिमिली हेर्नेछौँ । आइपुग्नुभयो भूपेन्द्रजी । हामी उहाँकै प्रतीक्षामा थियौँ ।

'कस्तो रह्यो रात्री विश्राम ? कुनै कठिनाई त भएन ?'

'भएन ।'

'अनि खानपिन ?'

'राम्रो ।'

यी थिए औपचारिक अभिव्यक्तिहरू । अब ढीला नगरौँ, गऱ्यौँ भने हाम्रो निर्धातिर तालिका केरमेट हुनसक्छ ।

नौ/दश जना अट्न सक्ने गाडी लिएर आउनुभएको थियो भुपेन्द्रजीले । डोटीबाट विद्यार्थी बोकेर आएको गाडी रहेछ त्यो । त्यसैले घुमाउने रहेछ हामीलाई र छोड्ने रहेछ मसूरी लगेर । भूपेन्द्रसँगै आएकी थिइन्– ओभरसिएर पढ्न बसेकी डोटीकी छात्रा रोशनी खत्री पनि ।

भूपेन्द्र पुस्तौँदेखि देहरादून बसिरहेका मानिस ! उनले देहरादून र मसूरीमा पनि पढाउँदा रहेछन् । उनले नेपालबाट पनि विद्यार्थी झिकाउँदा रहेछन् र विद्यार्थीको विषय र क्षमता हेरी स्कुल/कलेज भर्ना गर्दा रहेछन् । उनलाई सहयोग गर्दा रहेछन् रामबाबुले । त्यहाँ पुगेपछि पो थाहा लाग्यो – रामबाबुको मुख्य विषय त त्यो पो रहेछ ।

हामी गाडी चढ्यौँ र हिँडिहाल्यौँ । गुच्चुपानी हुँदै हाम्रो यात्रा अगाडि बढ्यो । गोर्खा सेना बसेको छाउनी एरियामा गुच्चुपानी एउटा मनोरम पर्यटकीय स्थल रहेछ । त्यसै आसपासमा मुख्यमन्त्री कार्यालय पनि रहेछ । त्यसैको द्वार हुँदै गाडी अगाडि बढेको थियो । मेरा आँखा गेटनेरैको एउटा होर्डिङबोर्डमा परेका थिए । लेखिएको थियो– 'उत्तराखण्ड में सहिदों एवं नागरिकों को हार्दिक स्वागत करता है'– मुख्यमन्त्री उत्तराखण्ड ।

(क्रमशः)

प्रेरक

चिकित्सक

आयुर्वेदका ज्ञाता, आचार्य नागार्जुन सधैं आफ्नो प्रयोगशालामा व्यस्त हुन्थे । हरेक दिन उनी कुनै न कुनै नयाँ रसायन बनाउँथे विभिन्न् रोगका लागि । नयाँ औषधि निर्माणमा उनलाई भ्याईनभ्याई भयो । उनले अब एकजना सहयोगी राख्ने निर्णय गरे । सूचना टाँसेको भोलिपल्ट नागार्जुनको प्रयोगशालामा दुई जना युवकहरू आइपुगे । यी दुईमध्ये एकलाई रोज्नुपर्ने भयो नागार्जुनले ।

उनले दुवै युवकलाई भने- ल ठीक छ तपाईंहरू आउनुभयो । यहाँ आवश्यकता एकजनाको मात्र छ । नागार्जुनले केही औषधिहरू दुवै युवकलाई दिँदै फेरि भने- भोलि तपाईंहरूले रसायन बनाएर ल्याउनुहोला । दुवै युवाहरू फेरि भोलिपल्ट नागार्जुनको प्रयोगशालामा आइपुगे ।

नागार्जुनले सोधे- रसायन बनाएर ल्याउनुभयो ?

दुईमध्ये एकले भन्यो- आचार्यज्यू मैले रसायन तयार गर्न सकिनँ । घरमा बुबा अपाइज हुनुहुन्छ । आमा पनि खुट्टा दुखेर बिरामी । बहिनी पनि ढाड दुख्ने बिरामीले हैरान । घरको सबै काम आफैंले गर्नुपर्‍यो । रसायन बनाउने समय नै भएन । पहिलो युवकको बयान सकिनासाथ दोस्रो युवाले भन्यो- आचार्य महोदय मैले पनि रसायन बनाउन सकिनँ । आचार्यले सोधे किन ? मेरो छिमेकमा एकजना वृद्ध महिला बिरामी परिन् । त्यहाँ गएर मैले रातभर बिरामी कुर्नुपर्‍यो । रसायन बनाउने समय नै भएन । दुवैको कुरा सुनिसकेपछि आचार्य नागार्जुनले दोस्रो युवकलाई सहयोगीमा नियुक्त गर्ने निर्णय लिए ।

ती युवकलाई भने- मेरो सहयोगीका लागि तिमी उपयुक्त बन्यौ । जसले अरूको दुःख बुझ्छ, अरूको दुःखमा सहयोग गर्छ त्यो नै महानता हो । मानवीयता पनि । चिकित्सकले पनि बिरामीको पीडालाई अनुभव गरेर उपचार गर्ने गर्छ । तिमीले अरूको पीडालाई आफ्नै पीडा झैं अनुभव गर्‍यौ । आखिर रसायन पनि त अरूकै उपचारका लागि तयार गरिने हो नि । जसले अरूको पीडा, वेदना र मर्मलाई बुझ्न सक्दैन ऊ चिकित्सक हुन् सक्दैन । बिरामीको आर्तनादलाई बुझ्ने क्षमता तिमीमा मैले पाएँ । पहिलो युवा निराश भएर फर्कियो ।

साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

मेष

